## नेपाल सरकार
## शिक्षा मन्त्रालय
## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो
## (Enhanced Vocational Education and Training Project, EVENT- II)
## बुद्धनगर, काठमाडौं

नतिजामा आधारित छोटो अवधिको (RBST) सीपमूलक तालिम कार्यक्रम संचालनका लागि आह्वान गरिएको प्रस्ताव सम्बन्धमा आयोजित पूर्व-प्रस्ताव बैठक (Pre-bid Meeting)मा उठेका जिज्ञासा सम्बन्धमा प्रष्ट पारिएको सूचना

उपर्युक्त विषयमा मिति २०७४ कार्तिक २१ गते आयोजित पूर्व-प्रस्ताव बैठक (Pre-bid Meeting)मा उठेका जिज्ञासा सम्बन्धमा निम्नानुसार प्रष्ट पारिएको व्यहोरा सूचिकृतमा रहेका सम्पूर्ण कम्पनीहरुका लागि सुचित गरिन्छः

१. आशय पत्रमा पेश गरेका पेशा (Occupation)का हकमा Terms of Reference (TORs) मा उल्लेख भए बमोजिम दुई प्रदेश र पाँच जिल्ला भन्दा बढी नहुने गरी आशयपत्रमा उल्लेखित जिल्ला भन्दा अन्य जिल्लाका लागि पनि प्राविधिक र वित्तिय प्रस्ताव (Proposal)पेश गर्न सकिनेछ । तर आशयपत्रमा पेश गरेका पेशा (Occupation) भन्दा अन्य पेशामा प्राविधिक र वित्तीय प्रस्ताव (Proposal)पेश गर्न सकिने छैन ।

२. कुनै प्रस्तावदाताले एक भन्दा बढी पेशाका लागि प्रस्ताव पेश गरेको अवस्थामा पनि प्राविधिक प्रस्ताव एउटै पेश गर्नुपर्नेछ । प्राविधिक प्रस्तावको Tech- 4 फर्म भर्दा सि.नं. a) Approach and Methodology को सि.नं. 1 –Problem Statement र सि.नं. 2 Market Demand and Analysis तथा (Human Resources प्रत्येक पेशाको लागि अलग अलग खण्डमा खुलाउनुपर्ने छ ।

३. Tech- 4 फर्मको सि.नं. ३ को Credit Facility भन्नाले तालिम कार्यक्रम सम्पन्न भएपश्चात प्रशिक्षार्थीहरुलाई रोजगारीमा जान तथा उद्ययम सञ्चालनका लागि तालिम प्रदायक संस्थाको सहजीकरणमा बैङ्क तथा वित्तीय संस्थाहरुले ऋण सुविधा प्रदान गर्नका लागि जारी गरेको प्रतिबद्धता पत्रलाई जनाउँछ ।

४. तोकिएका १४ जिल्लाका लागि १०% थप गर्न सकिने रकम प्रस्तावदाताले आफ्नो वित्तीय प्रस्तावमा सोही अनुसार वृद्धि गरि प्रस्ताव पेश गर्नुपर्ने छ ।

५. Request for Proposal (RfP) Document को Data Sheet को बुँदा नं. ३१.१ को दोश्रो हरफमा "…… with an amount of Rs. 5,017.20, 4,565.20, and 4,113.20…" हुनुपर्नेमा अन्यथा भएकाले सच्याईएको छ ।

६. प्रत्येक पेशा र जिल्लाका लागि अलग अलग वित्तीय प्रस्ताव छुट्टा छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नुपर्ने छ ।